राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३१८ २०८३ असार ३ गते बुधवार (17 June 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## सात महिनादेखि तलब नपाएपछि प्रयोगशालाकर्मीको धर्ना




दैनिक समाचारदाता

जनकपुरधाम, २ असार । मधेश प्रदेशका १३६ वटै स्थानीय तहमा कार्यरत जनस्वास्थ्य प्रयोगशालाका प्रयोगशालाकर्मीहरूले सात महिनादेखि तलब तथा अन्य सेवासुविधा नपाएको भन्दै जनकपुरधाममा धर्ना प्रदर्शन गरेका छन् ।

मंगलबार जनकपुरधामस्थित प्रदेश जनस्वास्थ्य प्रयोगशालाको कार्यालय अगाडि धर्ना दिँदै उनीहरूले आफ्ना माग तत्काल सम्बोधन गर्न प्रदेश सरकारसँग आग्रह गरेका हुन्।

प्रयोगशालाकर्मीहरूले आर्थिक वर्ष २०८२/८३ को कार्तिक महिनादेखि हालसम्म तलब नपाएको, चाडपर्व भत्ता उपलब्ध नगरिएको तथा सेवा सम्झौता (म्याद) नवीकरणसमेत अन्योलमा परेको भन्दै आन्दोलनमा उत्रिनुपरेको बताएका छन्।

प्रयोगशालाकर्मी अनिल महतोले सात महिनादेखि पारिश्रमिक नपाउँदा कर्मचारीहरू गम्भीर आर्थिक समस्यामा परेको बताए। चालु आर्थिक वर्ष समाप्त हुन लाग्दासमेत सेवा सम्झौता नवीकरण प्रक्रिया टुंगोमा नपुग्नु चिन्ताजनक रहेको उनको भनाइ छ।

प्रयोगशालाकर्मीहरूको संयुक्त संघर्ष समितिका संयोजक साहिद राइनले आफ्नो समस्याबारे सम्बन्धित निकायलाई पटक-पटक लिखित तथा मौखिक रूपमा जानकारी गराए पनि कुनै ठोस पहल नभएको गुनासो गरे । लामो समयसम्म पारिश्रमिकविहीन अवस्थामा कर्मचारीहरूलाई सेवा दिन बाध्य बनाइनु श्रमिक अधिकारमाथिको गम्भीर अन्याय भएको उनको आरोप छ।

धर्नामा सहभागी प्रयोगशालाकर्मीहरूले तलब अभावका कारण दैनिक जीवनयापनसमेत कठिन बन्दै गएको बताएका छन्। स्वास्थ्य सेवा प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आए पनि राज्यबाट उपेक्षित हुनुपरेको उनीहरूको गुनासो छ।

संघर्ष समितिले बाँकी तलब तत्काल भुक्तानी, सेवा सम्झौता नवीकरण, चाडपर्व भत्ता, पोशाक भत्ता, जोखिम भत्ता तथा महँगी भत्ता उपलब्ध गराउन माग गरेको छ।

यस सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेश, श्रम तथा यातायात मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको ध्यानाकर्षण गराइएको समितिले जनाएको छ।

माग सम्बोधन नभए प्रदेशव्यापी थप सशक्त आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनीसमेत प्रयोगशालाकर्मीहरूले दिएका छन्।

उनीहरूको आन्दोलनका कारण प्रदेशका स्थानीय तहमा सञ्चालित प्रयोगशाला सेवामा समेत असर पर्न सक्ने चिन्ता व्यक्त गरिएको छ।

# विद्युतीय चुल्हो प्रयोग बढाउन प्रदेश प्रमुखको जोड

दैनिक समाचारदाता

जनकपुरधाम, २ असार । मधेश प्रदेशका प्रदेश प्रमुख प्रा.डा.सुरेन्द्रलाल कर्णले नेपालमा विद्युत् उत्पादन उल्लेखनीय रूपमा बढ्दै गएको अवस्थामा विद्युतीय चुल्होको प्रयोगलाई व्यापक बनाउनुपर्ने बताउनुभएको छ।

धनुषाको लालगढमा आयोजित 'विद्युतीय चुल्हो नमुना परियोजना : सिकाइ तथा उपलब्धि' विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले जलविद्युत् उत्पादनको प्रभावकारी उपयोगमार्फत मधेश प्रदेशलाई विद्युतीय चुल्हो प्रयोगमा देशकै नमुना प्रदेश बनाउन सकिने धारणा व्यक्त गर्नुभयो ।

प्रदेश प्रमुख कर्णले विद्युत्लाई केवल ऊर्जाको स्रोतका रूपमा नभई सामाजिक रूपान्तरणको महत्वपूर्ण माध्यमका रूपमा लिनुपर्नेमा जोड दिनुभयो। विद्युतीय चुल्होको प्रयोगले महिलाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्नुका साथै दाउरा, गुइँठा र एलपी ग्यासमा निर्भरता घटाउने उहाँको भनाइ थियो ।




"विद्युतीय चुल्हो प्रत्यक्ष रूपमा आमा, दिदीबहिनी र सम्पूर्ण परिवारको स्वास्थ्यसँग जोडिएको विषय हो । परम्परागत धुवाँयुक्त चुल्होका कारण महिलाहरू आँखा तथा श्वासप्रश्वाससम्बन्धी समस्याबाट पीडित हुने गरेका थिए। विद्युतको पहुँच विस्तारसँगै सुरक्षित र स्वच्छ खाना पकाउने विकल्प उपलब्ध भएको छ," उहाँले भन्नुभयो ।

नेपालले ग्यास आयातमा वार्षिक रूपमा ठूलो रकम खर्च गरिरहेको उल्लेख गर्दै उहाँले विद्युतीय चुल्होको व्यापक प्रयोगबाट विदेशी मुद्रा बचत हुनुका साथै ऊर्जा आत्मनिर्भरता सुदृढ हुने बताउनुभयो। मधेश प्रदेशका अधिकांश घरधुरीमा विद्युत्को पहुँच पुगिसकेको उल्लेख गर्दै आगामी दुईदेखि तीन वर्षभित्र प्रदेशलाई विद्युतीय चुल्हो प्रयोगमा अग्रणी क्षेत्रका रूपमा स्थापित गर्न सकिने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा ऊर्जा विज्ञ पुरुषोत्तम घिमिरेले विद्युतीय चुल्हो खरिद गर्दा गुणस्तरमा विशेष ध्यान दिन उपभोक्तालाई आग्रह गर्नुभयो। सस्तोभन्दा प्रमाणित तथा गुणस्तरीय उपकरणको प्रयोगले दीर्घकालीन रूपमा सुरक्षित र भरपर्दो सेवा प्राप्त हुने उहाँको भनाइ थियो ।

गणेशमान चारनाथ नगरपालिकाका नगर प्रमुख जितनारायण यादवले विकासलाई सडक, पुल र भवन निर्माणमा

*बाँकी पृष्ठ ४मा*

## सिरहामा २८ किलो गाँजासहित तीन पक्राउ

दैनिक समाचारदाता

सिरहा, २ असार । सिरहा प्रहरीले करिब २८ किलो प्रतिबन्धित लागूऔषध गाँजासहित तीन जनालाई पक्राउ गरेको छ। पक्राउ परेकामध्ये एक जना भारतीय नागरिक रहेका छन्।

इलाका प्रहरी कार्यालय गोलबजारको टोलीले सोमबार राति गोलबजार नगरपालिका-७ चोहर्वा र वडा नम्बर १० मा सञ्चालन गरेको छुट्टाछुट्टै कारबाहीमा २७ किलो ७१५ ग्राम गाँजा बरामद गर्दै तीन जनालाई नियन्त्रणमा लिएको हो।

प्रहरीका अनुसार गाँजाको कारोबार भइरहेको गोप्य सूचनाका आधारमा खटिएको टोलीले धर्मपुरबाट चोहर्वातर्फ आउँदै गरेको एक विद्युतीय अटो रोकेर जाँच गर्दा बोराभित्र लुकाइराखिएको ५ किलो ७१५ ग्राम गाँजा फेला पारेको थियो।

सो क्रममा अटो चालक गोलबजार नगरपालिका-७ निवासी ३६ वर्षीय रोकेन्द्र बहादुर सुनुवार र अटोमा सवार भारतको बिहार राज्यको पटना जिल्लास्थित धनरुवा ग्राम पञ्चायतका ३० वर्षीय रोहित कुमारलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका रोहित कुमारसँग गरिएको प्रारम्भिक सोधपुछका आधारमा प्रहरी टोली गोलबजार नगरपालिका-१० स्थित छक बहादुरको घरमा पुगेको थियो। घरमा गरिएको खानतलासीका क्रममा चार वटा बोरामा राखिएको थप २२ किलो गाँजा बरामद भएपछि छक बहादुरलाई पनि नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख प्रहरी निरीक्षक सुधन केसीले जानकारी दिए।

बरामद गरिएको लागूऔषधसहित पक्राउ परेका तीनै जनामाथि लागूऔषधसम्बन्धी कसुरमा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ।


कृषि उत्पादन वृद्धि गरौं
खाद्य सुरक्षा सुनिश्चित गरौं

- कृषि पेशाको सम्मान र प्रवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनको सदुपयोग गरी खेतीयोग्य भूमि संरक्षण गरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरूको संरक्षण र प्रवर्द्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिर्भर बनौं ।


*खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# किसानलाई समयमै मल कहिले ?

नेपालको कृषि क्षेत्र वर्षौंदेखि एउटा पुरानो समस्यासँग जुधिरहेको छ । रासायनिक मलको अभाव। हरेक बाली लगाउने मौसम सुरु हुनासाथ किसानले मल पाउने कि नपाउने भन्ने चिन्ताले सताउन थाल्छ। यस्तै अवस्थामा सरकारले भारतसँगको सरकार-देखि-सरकार (जीटुजी) सम्झौताअन्तर्गत पहिलो चरणमा ५० हजार मेट्रिक टन रासायनिक मल आयात गर्ने प्रक्रिया अन्तिम चरणमा पुऱ्याएको खबर किसानका लागि केही राहतको विषय अवश्य हो । तर यो समाचारले तत्कालीन आवश्यकता पूरा गर्ने आशा जगाए पनि नेपालको कृषि क्षेत्रमा रहेको संरचनागत समस्याको समाधान भने गर्दैन।

सरकारले पहिलो चरणमा ३० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डीएपी आयात गर्न लागेको छ । यसअघि मन्त्रिपरिषद्बाट स्वीकृत ८० हजार मेट्रिक टन मलमध्ये बाँकी ३० हजार मेट्रिक टन दोस्रो चरणमा ल्याइने बताइएको छ। यसले सरकार किसानको आवश्यकताप्रति संवेदनशील रहेको सन्देश दिन खोजेको देखिन्छ। तर प्रश्न के हो भने, किन हरेक वर्ष मल आयातको विषय समाचारको शीर्षक बन्नुपर्छ ? किन किसानले बाली लगाउने समयमा मलका लागि लामो लाइन बस्नुपर्ने अवस्था दोहोरिइरहन्छ ?

नेपाल कृषि प्रधान देश भनिए पनि कृषि उत्पादनका आधारभूत सामग्री व्यवस्थापनमा अझै आत्मनिर्भर हुन सकेको छैन । मलको माग, आपूर्ति र वितरण प्रणालीको दीर्घकालीन योजना नहुँदा हरेक वर्ष उही समस्या दोहोरिने गरेको छ। किसानलाई आवश्यक समयमा मल उपलब्ध गराउन नसक्दा उत्पादन घट्ने, लागत बढ्ने र खाद्य सुरक्षामै चुनौती थपिने अवस्था सिर्जना हुन्छ। कृषि क्षेत्रको मेरुदण्ड मानिने किसानले समयमै मल नपाउँदा देशको समग्र अर्थतन्त्रसमेत प्रभावित हुन्छ ।

यसपटक भारतीय सञ्चारमाध्यममा नेपालले मल आयात कोटा कटौती गरेको भन्ने समाचार सार्वजनिक भएपछि थप अन्योल सिर्जना भएको थियो । कृषि सामग्री कम्पनीले ती समाचार भ्रामक भएको स्पष्ट गरेको छ। वास्तवमा समस्या कोटा कटौतीको होइन, समयमै पर्याप्त परिमाणमा मल उपलब्ध गराउने व्यवस्थाको हो । सरकारले स्रोत र बजेटका आधारमा चरणबद्ध आयात गरिरहेको बताए पनि कृषि जस्तो संवेदनशील क्षेत्रमा आवश्यकता अनुसारको पूर्वतयारी हुनु अपरिहार्य हुन्छ ।

नेपालको कृषि नीति अझै पनि प्रतिक्रियात्मक देखिन्छ। समस्या देखिएपछि समाधान खोज्ने प्रवृत्तिले दीर्घकालीन सुधार सम्भव हुँदैन। किसानलाई मल उपलब्ध गराउने विषयलाई हरेक वर्षको संकटका रूपमा होइन, कृषि सुरक्षासँग जोडिएको राष्ट्रिय प्राथमिकताको विषयका रूपमा लिनुपर्छ। मल खरिदका लागि समयमै बजेट सुनिश्चित गर्ने, भण्डारण क्षमता विस्तार गर्ने, वितरण प्रणालीलाई पारदर्शी बनाउने तथा वैकल्पिक जैविक मल उत्पादनलाई प्रोत्साहन गर्ने दिशामा सरकारले ठोस कदम चाल्न आवश्यक छ ।

कृषि क्षेत्रमा आत्मनिर्भरता हासिल गर्ने लक्ष्य बोकेर अघि बढिरहेको देशका लागि मलको अभाव सामान्य प्रशासनिक समस्या मात्र होइन, उत्पादन, खाद्य सुरक्षा र किसानको भविष्यसँग जोडिएको गम्भीर विषय हो। अहिलेको आयात प्रक्रियाले तत्काल राहत दिन सक्छ, तर स्थायी समाधान भने दीर्घकालीन योजना, प्रभावकारी व्यवस्थापन र कृषि क्षेत्रप्रतिको स्पष्ट राजनीतिक प्रतिबद्धताबाट मात्र सम्भव छ।

त्यसैले ५० हजार मेट्रिक टन मल आयातको खबरलाई उपलब्धिका रूपमा मात्र होइन, वर्षौंदेखि दोहोरिँदै आएको समस्याको स्मरणका रूपमा पनि लिनुपर्छ। किसानलाई समयमै मल उपलब्ध गराउनु सरकारको दायित्व हो, उपलब्धि होइन। जबसम्म मल व्यवस्थापनलाई संकटको होइन, प्रणालीगत सुधारको दृष्टिकोणबाट हेरिँदैन, तबसम्म हरेक खेती मौसमसँगै उही समस्या र उही आश्वासन दोहोरिइरहनेछन्।

# माओवादीको उदय र अवसानबाट रास्वपाले सिक्नुपर्ने पाठ



महेश्वर ढकाल

नेपालको लोकतान्त्रिक आन्दोलनपछिको राजनीतिक इतिहासमा दुईवटा घटनाले विशेष ध्यान आकर्षित गर्छन् । पहिलो, ०६४ सालको संविधानसभा निर्वाचनमा तत्कालीन नेकपा ( माओवादी) को अभूतपूर्व उदय, र दोस्रो, पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टीको तीव्र लोकप्रियता ।

यी दुवै घटनाको आधार परम्परागत राजनीतिक शक्तिप्रतिको जनअसन्तुष्टि र परिवर्तनको आकाङ्क्षा नै हो । जनताले जब पुराना राजनीतिक शक्तिप्रति निराशा व्यक्त गर्छन्, तब उनीहरू नयाँ शक्तितर्फ आकर्षित हुन्छन् । तर इतिहासले देखाएको छ कि जनताले दिएको अवसरलाई सही ढङ्गले व्यवस्थापन गर्न नसक्ने र समयक्रममा पुरानै राजनीतिक रोगबाट सङ्क्रमित हुँदै जाने शक्ति जति छिटो उदाउँछ, त्यति नै छिटो ओझेलमा पनि पर्न सक्छ ।

यसले केवल कुनै एउटा दलको भविष्यलाई मात्र प्रभावित गर्दैन, लोकतान्त्रिक व्यवस्थाप्रतिको जनविश्वासलाई समेत कमजोर बनाउँछ ।

आज यस्तै चिन्ता राष्ट्रिय स्वतन्त्र पार्टीका सन्दर्भमा पनि उठ्न थालेको छ । पछिल्ला घटनाक्रम, नेतृत्वसँग जोडिएका विवाद, आन्तरिक व्यवस्थापनका प्रश्न, सङ्गठनात्मक कमजोरी र राजनीतिक निर्णयहरूमाथि उठेका प्रश्नहरूले धेरै नागरिकलाई एक पटक फेरि सोच्न बाध्य बनाएका छन्, के यो पार्टी पनि एक समय परिवर्तनको प्रतीक बनेको नेकपा ( माओवादी) कै बाटोमा हिँड्दै छ ?

नेकपा (माओवादी) को उदयलाई सही रूपमा बुझ्ने हो भने ०४६ सालपछिको बहुदलीय व्यवस्थाका विफलताहरू बुझ्नु आवश्यक छ । नेपाली काङ्ग्रेस र एमालेले सत्ताको भागबन्डामा व्यस्त रहँदा, भ्रष्टाचार संस्थागत हुँदै जाँदा, ग्रामीण नेपालको गरिबी र असमानता बढ्दै जाँदा माओवादीले त्यो असन्तुष्टिलाई सङ्गठित रूप दियो ।

सशस्त्र द्वन्द्वको समाप्तिपछि जब माओवादी मुख्यधाराको राजनीतिमा आयो, लाखौँ मतदाताले त्यसमा आफ्नो आकाङ्क्षाको प्रतिनिधित्व देखे । ०६४ सालको संविधानसभा निर्वाचनपछि माओवादी नेपालको सबैभन्दा ठुलो राजनीतिक शक्ति बनेर उदायो । त्यो सफलता केवल एउटा पार्टीको जित थिएन, त्यो पुरानो राजनीतिक व्यवस्थाप्रतिको जनताको असन्तुष्टिको विस्फोट थियो ।

लाखौँ नागरिकले माओवादीमा नयाँ नेपालको सपना देखेका थिए । उनीहरूले विश्वास गरेका थिए कि यो शक्ति पुराना राजनीतिक विकृतिहरूबाट मुक्त हुनेछ, सुशासन दिनेछ, सामाजिक न्याय स्थापना गर्नेछ र राज्यलाई नयाँ दिशामा लैजानेछ। तर बिस्तारै परिस्थिति बदलियो ।

जनताले अपेक्षा गरेको राजनीतिक संस्कार विकास हुन सकेन । राष्ट्रिय रूपान्तरणका एजेन्डाहरूभन्दा सत्ता, पद, गठबन्धन र नेतृत्व व्यवस्थापन प्रमुख विषय बन्न थाले । आन्दोलनको ऊर्जालाई संस्थागत सुधारमा रूपान्तरण गर्न नसक्दा जनविश्वास क्रमशः कमजोर हुँदै गयो । परिणामस्वरूप, एक समय देशको सबैभन्दा ठुलो शक्ति बनेको दल आज सीमित प्रभाव भएको शक्तिमा खुम्चिएको छ । माओवादीको पतन केवल एउटा दलको पतन थिएन, त्यो जनअपेक्षाको पतन पनि थियो ।

रास्वपाको उदयको पृष्ठभूमि पनि माओवादीको विफलतापछि तयार भएको देखिन्छ । ०७४ को निर्वाचनपछि नेकपाको एकीकरण भएको थियो र धेरैले सोचेका थिए कि अब देशमा स्थिर सरकारले काम गर्नेछ । तर नेकपाको विभाजन, ओली र प्रचण्डबीचको सत्ताको खिचातानी र त्यसपछिका अनिश्चित सरकारहरूले जनतालाई फेरि ठगिएको अनुभूति दिलायो ।

यही निराशामा रास्वपा उदाएको हो । रवि लामिछानेको नेतृत्वमा रास्वपाले आफूलाई 'पुराना दलहरूको विकल्प' भनेर पस्कियो । यसले भ्रष्टाचारविरुद्धको आवाज, सुशासनको प्रतिबद्धता, नयाँ राजनीतिक संस्कृतिको वाचा र नागरिककेन्द्रित शासनको अवधारणा प्रस्तुत गऱ्यो । विशेषतः युवापुस्ता, शिक्षित मध्यम वर्ग, विदेशबाट फर्किएका नेपाली र परम्परागत दलहरूप्रति निराश मतदाताले यसलाई आशाको केन्द्रका रूपमा ग्रहण गरे ।

यस पार्टीको उदयले नेपाली लोकतन्त्रमा एउटा सकारात्मक सन्देश दिएको थियो, जनताले अझै पनि परिवर्तनमा विश्वास गरेका छन् । उनीहरू लोकतान्त्रिक प्रक्रियामार्फत नयाँ विकल्प खोज्न तयार छन् । यो लोकतन्त्रको स्वास्थ्यका लागि राम्रो सङ्केत थियो ।

तर पछिल्ला केही घटनाहरूले भने प्रश्नहरू जन्माउन थालेका छन् । पार्टीभित्र निर्णय प्रक्रियाको पारदर्शिता, नेतृत्वको उत्तरदायित्व, सङ्गठनात्मक परिपक्वता र राजनीतिक रणनीतिका विषयमा बहस हुन थालेको छ ।

समाज विज्ञानको क्षेत्रमा काम गर्ने राजनीतिक दलहरूले गल्ती गर्नु अस्वाभाविक होइन । कुनै पनि नयाँ दलले सिक्ने क्रममा चुनौती भोग्छ नै । तर समस्या त्यति बेला सुरु हुन्छ, जब दलले आत्मसमीक्षा गर्ने क्षमता गुमाउँछ, आलोचनालाई शत्रुता ठान्न थाल्छ, संस्थाभन्दा व्यक्तिलाई केन्द्रमा राख्छ र जनताको अपेक्षाभन्दा आफ्नै राजनीतिक अस्तित्वलाई प्राथमिकता दिन थाल्छ । यिनै कारणहरू विगतमा माओवादी आन्दोलनको स्खलनका कारक थिए । त्यसैले आज उठिरहेका प्रश्नहरूलाई सामान्य रूपमा लिन सकिँदैन ।

यो प्रश्न रास्वपाको मात्र होइन, समग्र लोकतान्त्रिक व्यवस्थालाई नेतृत्व गर्ने राजनीतिक दलहरूको चरित्रको वा भन्नुस् वैचारिकीको प्रश्न हो । नेपालमा धेरै नागरिकले दशकौँदेखि एउटै राजनीतिक चक्र देखिरहेका छन् । नयाँ शक्ति आउँछ, आशा जगाउँछ, लोकप्रिय बन्छ र केही समयपछि पुरानै चरित्रलाई अङ्गाल्न पुग्छ । यदि यो चक्र फेरि दोहोरियो भने त्यसको असर कुनै एक दलमा सीमित रहने छैन । जनताले सोध्न थाल्नेछन्, 'नयाँ शक्ति पनि पुरानैजस्तो हुने हो भने विकल्प कहाँ छ ?'

जब लोकतान्त्रिक प्रणालीभित्रको वैकल्पिक शक्तिप्रतिको विश्वास कमजोर हुन्छ, तब लोकतान्त्रिक व्यवस्थाप्रतिको विश्वास पनि कमजोर हुन थाल्छ । नागरिकहरू मतदानप्रति उदासीन बन्न सक्छन् । राजनीतिक सहभागिता घट्न सक्छ । निराशा, वितृष्णा र व्यवस्था-विरोधी भावनाहरू बढ्न सक्छन् ।

विश्वका धेरै देशहरूको अनुभवले देखाएको छ कि लोकतान्त्रिक संस्थाहरूप्रतिको विश्वास कमजोर हुँदा अतिवादी सोच, व्यक्तिवादी नेतृत्व र असंवैधानिक विकल्पहरू बलियो बन्ने जोखिम बढ्छ । नेपालजस्तो लोकतान्त्रिक अभ्यास अझै संस्थागत हुँदै गरेको देशका लागि यो अत्यन्त गम्भीर विषय हो ।

रास्वपा आज केवल एउटा राजनीतिक दल मात्र होइन । यसले लाखौँ नागरिकको आशा बोकेको छ । त्यसैले यसको जिम्मेवारी सामान्य दलको भन्दा ठुलो छ । यदि यसले पारदर्शिता, आन्तरिक लोकतन्त्र, विधि र संस्थागत संस्कृतिलाई मजबुत बनाउन सक्यो भने यसले नेपालको राजनीतिमा नयाँ मानक स्थापित गर्न सक्छ । तर यदि यो पनि व्यक्तिकेन्द्रित, प्रतिक्रियात्मक र अवसरवादी राजनीतितर्फ उन्मुख भयो भने यसले केवल आफ्नो भविष्य मात्र होइन, वैकल्पिक राजनीतिप्रतिको जनविश्वासलाई समेत क्षति पुऱ्याउन सक्छ ।

राजनीतिक इतिहासमा सबैभन्दा कठिन काम सत्ता प्राप्त गर्नु होइन, प्राप्त विश्वासलाई जोगाउनु हो । जनताले एक पटक धोका खाए पनि दोस्रो पटक क्षमा गर्न सक्छन्, तर बारम्बार निराश भएपछि उनीहरूको विश्वास पद्धति नै भत्कन पुग्छ ।

नेपालको लोकतान्त्रिक यात्राले अहिले एउटा संवेदनशील मोड पार गरिरहेको छ । परम्परागत दलहरूप्रतिको तीव्र असन्तुष्टिले उनीहरूलाई बढारेर किनारा त लगाइदियो, तर अर्कातिर नयाँ वैकल्पिक शक्तिहरूप्रतिको सुरुवाती उत्साह प्रश्नको घेराबाट मुक्त छैन । वैकल्पिक शक्तिहरूको बारम्बारको विफलताले मतदाताहरूलाई उदासीन बन्न प्रेरित गर्छ । 'सबै एउटै हुन्' भन्ने निराशावादी दृष्टिकोण समाजमा आम धारणाको रूपमा स्थापित हुन सक्छ ।

यस्तो अवस्थामा रास्वपाले आफ्नो भूमिकालाई केवल चुनावी सफलताको दृष्टिले होइन, लोकतान्त्रिक व्यवस्थाप्रतिको जनविश्वास जोगाउने ऐतिहासिक जिम्मेवारीका रूपमा बुझ्नुपर्छ ।

माओवादीको इतिहासले रास्वपालाई स्पष्ट चेतावनी र शिक्षा दिएको हुनुपर्छ । जनताको आशा जित्न सकिन्छ, तर त्यसलाई जोगाइराख्न निरन्तर आत्मअनुशासन, संस्थागत संस्कृति र राष्ट्रिय हितप्रतिको प्रतिबद्धता आवश्यक पर्छ ।

आजको प्रश्न रास्वपा सफल हुन्छ कि असफल भन्ने मात्र होइन । झनै ठुलो प्रश्न के हो भने नेपाली जनताले लोकतान्त्रिक व्यवस्थाभित्र परिवर्तन सम्भव छ भन्ने विश्वास कायम राख्न सक्छन् कि सक्दैनन् ? यदि वैकल्पिक शक्तिहरूले पनि आफ्ना वाचा र आदर्शहरू बिर्सिए भने त्यसको क्षति कुनै एउटा दलले मात्र होइन, समग्र लोकतन्त्रले व्यहोर्नुपर्नेछ ।

यसैकारण रास्वपाको वर्तमान यात्रा केवल एउटा पार्टीको कथा होइन, नेपालको लोकतान्त्रिक भविष्यसँग जोडिएको लोकतान्त्रिक व्यवस्थाप्रतिको आस्थाको विषय हो ।

*साभारः रातोपाटीडकम*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## के श्याम्पूले बिग्रिएको कपाल बनाउन सक्छ ?

# कपालबारे चार भ्रम र यथार्थ

हामी सबै स्वस्थ देखिने र महसुस हुने कपाल चाहन्छौँ, चाहे त्यो चम्किलो देखिने र फरफराउने होस् वा घुम्रिएको होस् वा नरम र मुलायम होस्।

यूकेमा ५.८ अर्ब पाउन्डको उद्योगमा कपालसम्बन्धी अनन्त उत्पादनहरू, प्रवृत्तिहरू र टिकटक 'ह्याक'हरू जताततै देखिन्छन्।

सत्य के हो भने स्वस्थ कपाल हुनु भनेको जटिल दिनचर्या हुनु वा भाग्यले पाउनु होइन। यो त साधारण सामानहरूलाई सही तरिकाले प्रयोग गर्नु हो।



यूके हेयर कन्सल्टन्ट्सकी केशविशेषज्ञ इभा प्राउडम्यान र हेयर एन्ड स्क्याल्प क्लिनिकका ट्रेसी वाकरले कपालको हेरचाह कसरी गर्ने भन्नेबारे चार सामान्य भ्रमहरू चिरेका छन्।

*१. चिसो पानीले कपाल चम्काउँदैन*

कपाल चम्किलो बनाउन भन्दै बरफ भएको पानीले नुहाएर काँप्नुभएको छ?

यदि त्यस्तो गर्नुभएको छ भने तपाईंले त्यसो गर्न छोड्न सक्नुहुन्छ र आफूलाई सहज हुने तापक्रमको पानीले नुहाउन सक्नुहुन्छ। प्राउडम्यानका अनुसार चिसो पानीले नुहाएर कपालमा चमक आउँदैन।

"एकदमै चिसो पानीमा नुहाउन आवश्यक छैन किनभने यसले केही पनि गर्दैन," उनले भनिन्। "के चाहिँ महत्त्वपूर्ण हो भने तपाईंले आफ्नो कपाललाई कसरी रसायनहरू र तातोबाट बचाउनुहुन्छ र कस्तो वातावरणबाट बस्नुहुन्छ भन्ने हो।"



उनले एकदमै तातो पानीले पनि कपाल धुन नहुने बताएकी छन्। त्यसो गर्दा कपालमा पानीको मात्रा घट्छ र जसरी तातो पानीले हाम्रो अन्य छाला सुक्खा हुन्छ, त्यसै गरी कपाल भएको टाउकोको छाला पनि सुक्खा हुन्छ।

*२. बिग्रिएको कपाल कुनै पनि उत्पादनले ठिक गर्न सक्दैन*

हाँगा फाटेको कपाललाई नकाटी त्यसलाई ठिक गर्छु भनेर लाग्नुभयो भने त्यसले काम गर्दैन किनभने त्यसको एउटै उपाय भनेकै कपाल काट्नु हो।

कपालको हाँगा फाट्नु भनेको तपाईंले लगाउने तन्किने कपडामा धागो तानिएर बनेको लामो धर्सोजस्तै हो, जुन बनाएर बन्न सक्दैन।

वाकर भन्छिन् : "कपाल टुक्रिएको तपाईं कल्पना गर्नुहुन्छ भने र माइक्रोस्कोपको तल राखेर हेर्नुभयो भने तपाईंले त्यसमा दुई वा तीनवटा त्यस्तै कपालका धाँजाहरू देख्नुहुन्छ।"

"बजारमा पाइने उत्पादनहरूले एक प्रकारको टाँस्ने काम गर्छन् वा ती धाँजा फाटेका कपालहरूलाई जोडिदिन्छन् ताकि त्यो राम्रो देखियोस्।"

उनका अनुसार अस्थायी रूपमा मर्मत गर्न सकिन्छ तर त्यसको अर्थ समाधान हुन्छ भनेर यस्ता उत्पादनहरूमा धेरै पैसा खर्च नगर्न उनी सुझाउँछिन्।

प्राउडम्यानले कपाल काट्यो भने छिटो बढ्छ भन्ने दाबीहरू पनि सत्य नभएको बताइन्।

"कपाल छिटो बढाउन पनि सम्भव हुँदैनर त्यसैले त्यस्तो दाबी गरिएका उत्पादनहरूले ढाँटिरहेका हुन्छन्।"

*३. कपाल आफैँ सफा हुँदैन*

तपाईंले सायद कसैलाई भेट्नुभएको छ होला जसले बारम्बार कपाल धुँदैनन् वा धुँदै धुँदैनन् र "आफैँ सफा" हुने बनाउँछन्।

तर प्राउडम्यानका अनुसार यसो गर्दा तपाईंको कपाल वास्तवमै राम्रो हुँदैन। "तपाईंको कपाल आउने तालुमा १,८०,००० तेलका ग्रन्थीहरू हुन्छन् र यदि नियमित रूपमा कपाल धोइएन भने फोहोर जम्मा हुन्छ।"

लुगा पानीबाट मात्रै सफा हुँदैन र डिटर्जेन्ट चाहिन्छ भन्नेमा वाकर सहमत छिन्।

कपाल पनि नियमित ननुहाउँदा गन्ध आउन थाल्छ र तालुको अवस्था खराब भई चायाँ आउँछ। उनी भन्छिन्, "कपाललाई चिल्लो हुन दिँदा त्यसबाट यीस्ट र ब्याक्टेरिया बन्छ अनि तपाईंको छालाको अवस्था अझै खराब भई चिलाउने गर्छ।"

तपाईंको कपाल एकदमै चिल्लो हुन्छ र तपाईं धेरै प्रकारका उत्पादनहरू प्रयोग गर्नुहुन्छ भने एक दिन बिराएर नुहाउन प्राउडम्यान सुझाउँछिन्।

हडर्सफील्ड विश्वविद्यालयमा फार्मसूटिकल अन्यालसिसकी प्राध्यापक लउरा वाटर्स धेरै चिल्लो कपाल भएकाहरूले मज्जाले नुहाएर फाइदा लिन सक्ने बताउँछन्। तर सुक्खा कपाल भएका व्यक्तिहरूले अलि महँगो पर्ने सल्फेट नभएको श्याम्पू प्रयोग गर्न सक्ने उनी बताउँछिन्।

*४. कपाल धुनुको सट्टा 'सुक्खा श्याम्पू' प्रयोग गरेर हुँदैन*

कपाल पूरै धोएर राम्ररी स्टाइल दिने गरी सुक्खा बनाउनु ('ब्लो ड्राई' गर्नु) सधैँ व्यावहारिक नहुन सक्छ। त्यसैले काम, व्यायाम र सामाजिक योजनाहरू गर्दा हामीमध्ये धेरैले तत्कालका लागि सुक्खा ('ड्राई') श्याम्पू प्रयोग गर्न सक्छौँ।

प्राउडम्यान यस्तो श्याम्पू प्रयोग गर्न ठिक हुने तर त्यो एक पटकको प्रयोगका लागि मात्रै हुने र बारम्बार त्यही प्रयोग गर्न नहुने बताउँछिन्।बारम्बार एकपछि अर्को पटक नुहाउनुको सट्टा ड्राई श्याम्पू प्रयोग गर्दा समस्या उत्पन्न हुने उनी बताउँछिन्।

"टाउकोको प्राकृतिक तेल श्याम्पूसँग मिल्छ र त्यसबाट यीस्ट बन्छ," प्राउडम्यान भन्छिन्। "तपाईं यदि सावधान हुनुभएन भने चिलाउने र तालु बिग्रिने हुन्छ।"

उनको सल्लाह भनेको तपाईंले अनुहारलाई जस्तै टाउकोलाई पनि हेरचाह गर्ने तरिकामा ध्यान दिनुपर्छ - तपाईं आफ्नो छालामा भएको मेकअप सफा नगरी मेकअपमाथि फेरि मेकअप नथपेजस्तै कपाललाई पनि बारम्बार धुनुपर्छ। *साभार: बीबीसी/नेपालीबाट*

## जापानको ब्याजदर ३१ वर्षयताकै उच्च स्तरमा

जापान २ असार । मध्यपूर्व युद्धका कारण बढ्दो मुद्रास्फीति, महँगो ऊर्जा आयात र कमजोर येनमाथिको दबावबीच बैंक अफ जापान (बीओजे) ले मङ्गलबार ब्याजदर बढाएर ३१ वर्षयताकै उच्च स्तरमा पुर्‍याएको छ। अमेरिका र इरानबीच युद्ध अन्त्य गर्ने सहमति भए पनि विश्व अर्थतन्त्रमा अनिश्चितता कायम रहेकाले जापानले मौद्रिक नीतिलाई थप कडा बनाएको हो ।



जापानको केन्द्रीय बैंकले आफ्नो प्रमुख नीतिगत ब्याजदर २५ आधार विन्दुले बढाएर १.० प्रतिशत पुर्‍याएको छ। यो सन् १९९५ पछिको उच्चतम स्तर हो भने डिसेम्बरयताको पहिलो वृद्धि पनि हो। विश्वको चौथो ठूलो अर्थतन्त्र जापानका लागि यो निर्णयलाई मुद्रास्फीति नियन्त्रण र मुद्रा स्थिरताको प्रयासका रूपमा हेरिएको छ। मध्यपूर्वमा तीन महिनासम्म चलेको द्वन्द्वले विश्वव्यापी ऊर्जा बजारमा ठूलो असर पारेको थियो। युद्धका कारण तेलको मूल्य बढ्दा धेरै देशमा महँगी चुलिएको छ। यही पृष्ठभूमिमा गत साता युरोपेली केन्द्रीय बैंक र इन्डोनेसियाको केन्द्रीय बैंकले पनि ब्याजदर बढाएका थिए। अमेरिकामा मुद्रास्फीति तीन वर्षयताकै उच्च स्तरमा पुगेपछि अमेरिकी फेडरल रिजर्भले पनि आगामी दिनमा ब्याजदर वृद्धि गर्न सक्ने अनुमान बढेको छ। यद्यपि नयाँ नेतृत्वमा रहेको फेडले यस साताको बैठकमा तत्काल निर्णय गर्ने अपेक्षा गरिएको छैन।

अस्ट्रेलियाको रिजर्भ बैंकले यस वर्ष तीन पटक ब्याजदर बढाइसकेको छ भने बैंक अफ इङ्गल्यान्डले पनि आगामी दिनमा कडा मौद्रिक नीति अपनाउन सक्ने विश्लेषण गरिएको छ।संयुक्त राज्य अमेरिका र इरानले सप्ताहन्तमा तीन महिना लामो मध्यपूर्व युद्ध अन्त्य गर्ने र हर्मुज जलघाँटी पुनः सञ्चालन गर्ने सहमति गरेका थिए। विश्वको करिब पाँचौँ भाग तेल आपूर्ति यही मार्गबाट हुने भएकाले उक्त सम्झौतालाई विश्व अर्थतन्त्रका लागि महत्त्वपूर्ण मानिएको छ।

स्विट्जरल्यान्डमा शुक्रबार औपचारिक हस्ताक्षर हुने तय भए पनि विश्व व्यापार र आपूर्ति शृङ्खला सामान्य अवस्थामा फर्किन समय लाग्न सक्ने अनुमान गरिएको छ। फेब्रुअरी २८ मा युद्ध सुरु हुनुअघि जापान आफ्नो कच्चा तेल आवश्यकताको करिब ९० प्रतिशत मध्यपूर्वबाट आयातमा निर्भर थियो। तेलको मूल्यवृद्धि र जापान तथा अमेरिकाबीचको ब्याजदर अन्तरले येनमाथि थप दबाब सिर्जना गरेको छ।

गत महिना येन अमेरिकी डलरको तुलनामा १६० को स्तरमा झरेपछि जापान सरकारले मुद्रा स्थिर राख्न करिब ११७ खर्ब येन अर्थात् करिब ७२ अर्ब डलर खर्च गरेको थियो। मङ्गलबारको निर्णयपछि येन केही बलियो बने पनि त्यसको अधिकांश लाभ टिक्न सकेन।

अक्सफोर्ड इकोनोमिक्सका जापान प्रमुख अर्थशास्त्री सिगेटो नागाईले बैंक अफ जापानले नीतिगत दर वृद्धि गर्न थप ढिलाइ गर्न नसक्ने बताउनुभएको थियो। उहाँका अनुसार ढिलाइ भए वित्तीय बजार निराश हुन सक्थ्यो र येनको थप अवमूल्यन हुन सक्थ्यो।बैंक अफ जापानका गभर्नर काजुओ उएडा अस्पतालमा रहेका कारण उप-गभर्नर शिनिची उचिडाले निर्णयपछि सञ्चारमाध्यमलाई सम्बोधन गर्ने कार्यक्रम तय गरिएको थियो। बीएनपी परिबासका प्रमुख अर्थशास्त्री रयुतारो कोनोका अनुसार जापानको आर्थिक जोखिम केही घटेको छ र आधारभूत मुद्रास्फीति अझ बढ्न सक्ने सङ्केत देखिएको छ। पेट्रोलियम तथा ऊर्जामा सरकारी अनुदानका कारण घरेलु माग पनि तुलनात्मक रूपमा मजबुत रहेको उनको भनाइ छ। रासस

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि- Website www.esamachardainik.com


राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# प्रदेश बजेट १.६४ प्रतिशतले वृद्धि, संघीय बजेटको १४ प्रतिशतमा सीमित

दैनिक समाचारदाता
काठमाडौं २ असार । सातवटै प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि कुल २ खर्ब ९२ अर्ब ४६ करोड रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेका छन्। सोमबार प्रदेश सरकारका आर्थिक मामिला हेर्ने मन्त्रालयहरूले सम्बन्धित प्रदेश सभामा बजेट प्रस्तुत गरेका हुन्।

चालु आर्थिक वर्ष २०८२/८३ मा प्रदेशहरूको कुल बजेट २ खर्ब ८७ अर्ब ३० करोड रुपैयाँ रहेको थियो। आगामी आर्थिक वर्षका लागि बजेटको आकार ४ अर्ब ७० करोड रुपैयाँले बढेको छ, जुन करिब १.६४ प्रतिशतको वृद्धि हो।

संघीय सरकारले आगामी आर्थिक वर्षका लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट ल्याएको अवस्थामा प्रदेशहरूको संयुक्त बजेट संघीय बजेटको करिब १३.७४ प्रतिशत मात्र रहेको छ। यसले वित्तीय संघीयताको कार्यान्वयनमा अझै पनि केन्द्र सरकारको प्रभाव कायम रहेको संकेत गरेको छ।




बजेट बढाउने ४ प्रदेश

| प्रदेश | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | वृद्धि | वृद्धिदर |
|---|---|---|---|---|
| कोशी | ३५ अर्ब ८७ करोड | ४० अर्ब ४४ करोड | ४ अर्ब ५६ करोड | १२.७३% |
| सुदूरपश्चिम | ३३ अर्ब ४७ करोड | ३७ अर्ब ७० करोड | ४ अर्ब २२ करोड | १२.६२% |
| कर्णाली | ३२ अर्ब ९९ करोड | ३५ अर्ब ३९ करोड | २ अर्ब ४० करोड | ७.२७% |
| गण्डकी | ३१ अर्ब ९७ करोड | ३२ अर्ब ९९ करोड | १ अर्ब १ करोड | ३.१८% |

बजेट घटाउने ३ प्रदेश

| प्रदेश | आ.व. २०८२/८३ | आ.व. २०८३/८४ | कमी | कमीदर |
|---|---|---|---|---|
| मदेश | ४६ अर्ब ५८ करोड | ४१ अर्ब १३ करोड | ५ अर्ब ४४ करोड | -११.६८% |
| लुम्बिनी | ३८ अर्ब ९१ करोड | ३७ अर्ब ३८ करोड | १ अर्ब ५२ करोड | -३.९१% |
| बागमती | ६७ अर्ब ४७ करोड | ६६ अर्ब ९३ करोड | ५४ करोड | -०.८०% |

***चार प्रदेशको बजेट बढ्यो, तीन प्रदेशको घट्यो***

यस वर्ष कोशी, सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशले बजेटको आकार बढाएका छन् भने मधेश, बागमती र लुम्बिनी प्रदेशले बजेट घटाएका छन्।सबैभन्दा बढी बजेट वृद्धि कोशी प्रदेशमा भएको छ। कोशीले चालु वर्षको ३५ अर्ब ८७ करोड ९९ लाख रुपैयाँको बजेटलाई बढाएर आगामी वर्ष ४० अर्ब ४४ करोड ९८ लाख रुपैयाँ पुऱ्याएको छ। यो १२.७३ प्रतिशतको वृद्धि हो।

सुदूरपश्चिम प्रदेशले ३३ अर्ब ४७ करोड ६० लाख रुपैयाँबाट बजेट बढाएर ३७ अर्ब ७० करोड रुपैयाँ पुऱ्याएको छ। यो १२.६२ प्रतिशतको वृद्धि हो।

कर्णाली प्रदेशले ३२ अर्ब ९९ करोड ६६ लाख रुपैयाँबाट बजेट बढाएर ३५ अर्ब ३९ करोड ८५ लाख रुपैयाँ पुऱ्याएको छ भने गण्डकी प्रदेशले ३१ अर्ब ९७ करोड ९९ लाख रुपैयाँबाट बढाएर ३२ अर्ब ९९ करोड ९९ लाख रुपैयाँ पुऱ्याएको छ।

***मधेशमा सबैभन्दा ठूलो कटौती***

बजेट कटौती गर्ने प्रदेशमध्ये मधेश प्रदेश अग्रस्थानमा रहेको छ। चालु आर्थिक वर्षको ४६ अर्ब ५८ करोड ३३ लाख रुपैयाँको बजेटलाई घटाएर मधेशले आगामी वर्ष ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँमा सीमित गरेको छ। यो ५ अर्ब ४४ करोड ४७ लाख रुपैयाँ अर्थात् ११.६८ प्रतिशतको कटौती हो।

लुम्बिनी प्रदेशले ३८ अर्ब ९१ करोड रुपैयाँबाट बजेट घटाएर ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँमा झारेको छ। बागमती प्रदेशले पनि ६७ अर्ब ४७ करोड ७३ लाख रुपैयाँबाट घटाएर ६६ अर्ब ९३ करोड ३३ लाख रुपैयाँको बजेट ल्याएको छ।

यद्यपि बागमती प्रदेशको बजेट अझै पनि सातै प्रदेशमध्ये सबैभन्दा ठूलो रहेको छ।

***प्रशासनिक खर्च घटाएर विकासमा जोड***

अधिकांश प्रदेश सरकारले चालु तथा प्रशासनिक खर्च कटौती गर्दै विकास निर्माण र पुँजीगत खर्चलाई प्राथमिकता दिएका छन्।

बागमती प्रदेशले चालु खर्चमा ३ अर्ब ८ करोड रुपैयाँ कटौती गरेको छ भने कोशी प्रदेशले पनि चालु खर्च करिब ४ अर्ब ७० करोड रुपैयाँले घटाएको छ। बचत भएको रकम पूर्वाधार तथा विकास निर्माणका योजनामा केन्द्रित गरिएको जनाइएको छ।बागमती र कोशी प्रदेशले कुल बजेटको करिब ६५ प्रतिशत हिस्सा पुँजीगत खर्चतर्फ विनियोजन गरेका छन्।

***स्रोत व्यवस्थापन चुनौतीपूर्ण***

प्रदेशहरूले बजेटको आकार निर्धारण गरे पनि यसको प्रभावकारी कार्यान्वयनका लागि स्रोत व्यवस्थापन मुख्य चुनौतीका रूपमा रहेको छ। बजेट विवरणअनुसार आगामी आर्थिक वर्षमा प्रदेशहरूले संघीय अनुदानबाट १ खर्ब ९ अर्ब ९५ करोड ४८ लाख रुपैयाँ प्राप्त गर्ने अपेक्षा गरेका छन्। यस्तै, अघिल्लो वर्ष खर्च हुन नसकेको ४५ अर्ब ७७ करोड रुपैयाँ मौज्दातका रूपमा रहने अनुमान गरिएको छ।

बाँकी करिब १ खर्ब ३६ अर्ब रुपैयाँ राजस्व बाँडफाँट र आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ। वित्तीय स्रोतको सीमितता र राजस्व संकलनको चुनौतीका बीच प्रदेश सरकारहरूलाई बजेट कार्यान्वयनमा कठिनाइ हुन सक्ने देखिएको छ।

# ई-पासपोर्ट प्रकरणमा महानिर्देशक पक्राउ



दैनिक समाचारदाता
काठमाडौं, २ असार । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ई-पासपोर्ट खरिदसम्बन्धी टेण्डर अनियमितता प्रकरणमा राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याललाई पक्राउ गरेको छ। आयोग स्रोतका अनुसार अर्यालसँगै केही उच्च सरकारी अधिकारीलाई पनि निगरानीमा राखिएको छ। यस घटनाक्रमअघि सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रधानमन्त्री बालेन शाह र अख्तियारका पदाधिकारीबीच भेटवार्ता भएको थियो।

***के हो ई(पासपोर्ट टेण्डर विवाद ?***

राहदानी विभागले २०८१ मंसिरमा पाँच वर्षका लागि ६४ लाख थान ई(पासपोर्ट खरिद गर्न करिब डेढ महिनाको समयसीमा राखेर अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो। तर बोलपत्रका सर्तहरू केही निश्चित कम्पनीलाई अनुकूल हुने गरी तय गरिएको आरोप लागेपछि प्रक्रिया विवादमा तानिएको थियो।

नेपालमा विगतदेखि राहदानी आपूर्ति गर्दै आएको कम्पनीलाई फाइदा पुग्ने गरी सर्त राखिएको भन्दै अन्य कम्पनीहरूले विरोध जनाएका थिए। प्रतिस्पर्धा सीमित गरिएको आरोपसहित विभिन्न कम्पनी तथा सरोकारवालाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा उजुरी दिएका थिए।

उजुरीमाथि अनुसन्धान जारी रहेकै अवस्थामा राहदानी विभागले दुई प्याकेजमा क्रमशः ६ अर्ब ११ करोड रुपैयाँ र १ अर्ब ५५ करोड रुपैयाँ बराबरको ठेक्का सम्झौता गरेको थियो। अख्तियार स्रोतका अनुसार टेण्डर प्रक्रियामा अनियमितता तथा प्रभाव पार्ने प्रयास भएको भन्दै तत्कालीन परराष्ट्रमन्त्री आरजु राणा देउवा, उनका छोरा जयवीर देउवा, व्यवसायी मनिन्द्रराज मल्ल, तत्कालीन राष्ट्रपतिको राजनीतिक सल्लाहकार सुनिल थापा लगायतका व्यक्तिको नाम उल्लेख गर्दै उजुरी दर्ता भएको थियो।

यद्यपि हालसम्म टेण्डर प्रक्रियामा सुनिल थापाको प्रत्यक्ष कागजी संलग्नता फेला नपरेको स्रोतले जनाएको छ। तर उनका छोरा सिद्धार्थ थापाको भूमिकाबारे अनुसन्धान भइरहेको बताइएको छ। अख्तियारले केही व्यवसायी तथा परराष्ट्र मन्त्रालयका उच्च अधिकारीमाथि पनि निगरानी बढाएको जनाएको छ। आयोग स्रोतका अनुसार यस प्रकरणमा थप अनुसन्धान जारी रहेकाले आगामी दिनमा थप व्यक्तिमाथि कारबाही हुन सक्ने सम्भावना रहेको छ।

## विद्युतीय..........

मात्र सीमित गर्न नहुने बताउँदै स्वच्छ भान्सा अभियानलाई नगरपालिकाले प्राथमिकतामा राखेको जानकारी दिनुभयो। परम्परागत चुल्होबाट निस्कने धुवाँले महिलाको स्वास्थ्यमा गम्भीर असर पार्ने भएकाले विद्युतीय चुल्हो प्रवर्द्धनलाई अभियानकै रूपमा अघि बढाइएको उहाँले बताउनुभयो।

नगरपालिकाले नवीकरणीय ऊर्जा नीति पारित गरी विद्युतीय चुल्हो प्रवर्द्धनका लागि बजेट विनियोजन गरेको जानकारी दिँदै उहाँले हालसम्म ५०० भन्दा बढी गृहिणीलाई निःशुल्क विद्युतीय प्रेसर कुकर वितरण गरिएको र आगामी आर्थिक वर्षमा थप एक हजारभन्दा बढी विद्युतीय चुल्हो वितरण गर्ने तयारी रहेको बताउनुभयो। कार्यक्रममा मधेश प्रदेशका ३० भन्दा बढी स्थानीय तहका जनप्रतिनिधि, ऊर्जा क्षेत्रका विज्ञ, विकास साझेदार संस्था तथा विभिन्न पालिकाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

# जेठमा ६१ हजार नेपाली वैदेशिक रोजगारीमा

दैनिक समाचारदाता
काठमाडौं, २ असार । जेठ महिनामा ६१ हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा गएका छन्। वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार जेठ महिनामा ६१ हजार ७२ जना नेपालीले श्रम स्वीकृति लिएका छन्।




श्रम स्वीकृति लिनेहरूमध्ये ५३ हजार ६९८ जना पुरुष र ७ हजार ३७४ जना महिला रहेका छन्। अघिल्लो महिना वैशाखमा भने ७४ हजार ४२९ जना नेपाली वैदेशिक रोजगारीमा गएका थिए।

तथ्यांकअनुसार वैशाखको तुलनामा जेठमा वैदेशिक रोजगारीमा जानेको संख्या १३ हजार ३५७ ले घटेको छ।

जेठ महिनामा म्यानपावर कम्पनीमार्फत १९ हजार ४५५ जनाले श्रम स्वीकृति लिएका छन्। त्यस्तै, व्यक्तिगत श्रम स्वीकृतिमार्फत ११ हजार ५०३ जना तथा सरकार-सरकार (जी-टु-जी) प्रक्रियामार्फत ६५२ जना वैदेशिक रोजगारीमा गएका छन्।यस अवधिमा २९ हजार ३७१ जनाले पुनः श्रम स्वीकृति लिएका छन् भने विभिन्न देशमा कागजातविहीन अवस्थामा रहेका ९१ जना नेपालीको वैधानीकरण गरिएको विभागले जनाएको छ। जेठ महिनामा सबैभन्दा धेरै नेपाली मलेसिया गएका छन्। मलेसियाका लागि ८ हजार १७९ जनाले श्रम स्वीकृति लिएका छन्। त्यसपछि संयुक्त अरब इमिरेट्स (यूएई) का लागि ५ हजार ३९४ जना, कतारका लागि २ हजार ८८३ जना, साउदी अरेबियाका लागि २ हजार ५९८ जना तथा रोमानियाका लागि २ हजार १२६ जनाले श्रम स्वीकृति लिएका छन्।

# कोशी र मधेसको थोरै स्थानमा मेघगर्जनसहित वर्षाको सम्भावना

दैनिक समाचारदाता
काठमाडौं, २ असार । जल तथा मौसम विज्ञान विभाग अन्तर्गतको मौसम पूर्वानुमान महाशाखाका अनुसार मङ्गलबार राति कोशी र मधेस प्रदेशको थोरै स्थानमा मेघगर्जन चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ।



महाशाखाका अनुसार हाल नेपालमा उपल्लो वायुमण्डलमा रहेको पश्चिमी न्युन चापीय रेखा, स्थानीय वायु तथा पूर्वीय वायुको समेत आंशिक प्रभाव रहेको छ। अहिले बागमती, गण्डकी र लुम्बिनी प्रदेशको एक, दुई स्थानमा मध्यमसम्मको वर्षा भइरहेको छ।

भोलि बुधबार र पर्सी बिहीबार देशको हिमाली र पहाडी भूभागमा साधारणतया बादल लाग्नेछ भने मधेस प्रदेश तथा कोशी, बागमती र गण्डकी प्रदेशका तराई भूभागमा आंशिक बादल लाग्नेछ।

भोलि र पर्सी लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भूभागका केही स्थानमा गमी बढ्ने एवम् तातो दिन हुने सम्भावना रहेको महाशाखाले जनाएको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४